विषय कोड: २३२

# NEB - GRADE XII

## ऐच्छिक नेपाली

*विद्यार्थीहरूले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ ।*

**समय:- ३ घण्टा** **पूर्णाङ्क: १००**

उत्तीर्णाङ्क: ३५ *(आंशिक परीक्षार्थीका लागि मात्र)*

### समूह 'क'

कुनै **तीन** प्रश्नको उत्तर दिनुहोस् । ३x१०=३०

१. आधुनिक नेपाली कविताको परिस्कारवादी धाराका विशेषताहरूको वर्णन गर्नुहोस् ।

२. 'साहित्यसुधा' कवितामा कविले साहित्यसम्बन्धी कस्तो दृष्टिकोण प्रस्तुत गरेका छन्, कविताका आधारमा स्पष्ट पार्नुहोस् ।

३. 'यो जिन्दगी खै के जिन्दगी' कवितामा जिन्दगीका बारेमा कविले कस्तो विचार व्यक्त गरेका छन्, वर्णन गर्नुहोस् ।

४. सप्रसङ्ग व्याख्या गर्नुहोस् :

अग्ला सिंहासनहरू हिले क्रूर अन्याय काँपे
सामन्तीका खँडहरमहाँ क्रान्तिका दूत नाचे ।
काला धब्बा रगतहरूका खुर्किए, स्वार्थ हारे
गर्जी गर्जी जब युवकले ज्यानको आश मारे ॥

### समूह 'ख'

कुनै **दुई** प्रश्नको उत्तर दिनुहोस् । २x१०=२०

५. 'राष्ट्रनिर्माता' खण्डकाव्य अन्तर्गत पृथ्वीनारायण शाहका चारित्रिक विशेषताहरूको वर्णन गर्नुहोस् ।

६. 'आँसु' खण्डकाव्यको शीर्षकीय सार्थकता पुष्टि गर्नुहोस् ।

७. सप्रसङ्ग व्याख्या गर्नुहोस् :

पुरुषको प्यारी, सङ्ग्राम संसार, विजय उसको सार !
पौरुष विना पुरुष हुन्न, तरबार विना धार !

क्रमश:

**समूह 'ग'**

कुनै **दुई** प्रश्नको उत्तर दिनुहोस्। २x१०=२०

८. नाटकका तत्त्वहरूको परिचय दिनुहोस्।

९. 'माटोको माया' नाटकले कस्तो सन्देश दिएको छ, स्पष्ट पार्नुहोस्।

१०. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
मायाको स्नेह, बाबुको प्यार नपाईकन केटाकेटी संसारमा हुर्कन त हुर्कन्छन्। तर त्यस्तो असन्तुष्टि र अतृप्तिले मानसिक विकार उत्पन्न गर्दो रहेछ, जसले गर्दाखेरि बाहिरबाट मानिसजस्तो देखिए तापनि भित्रबाट उनीहरू रित्तो, खोक्रो र क्रूरसम्म हुन बेर मान्दैनन्।

**समूह 'घ'**

कुनै **दुई** प्रश्नको उत्तर दिनुहोस्। २x१०=२०

११. एकाङ्कीकार गोविन्दबहादुर मल्ल गोठालेका विशेषता केलाउनुहोस्।

१२. 'फिउज गएको इज्जत' एकाङ्कीका मीरा र अलैंचीको चरित्र चित्रण गर्नुहोस्।

१३. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
लैजाऊ, आज म तिमीहरूका अधीनमा छु। बलिमा चढाउन ल्याएको पशुजस्तो मैले तिमीहरूको अगि आत्मसमर्पण गरिसकेको छु।

**समूह 'ङ'**

कुनै **एक** प्रश्नको उत्तर दिनुहोस्। १०

१४. प्राथमिककालीन नेपाली कविताको वीरधाराको परिचय दिनुहोस्।

१५. आधुनिक नेपाली कथाको यथार्थवादी धाराका विशेषताहरुको वर्णन गर्नुहोस्।

**-0-**